# राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौँ

# Small Area Estimation of Poverty, 2023

(Monetary poverty at the municipality and district levels)

**प्रतिवेदन सार्वजनिक कार्यक्रम**

**मितिः २०८२/०९/२५**

**प्रेस विज्ञप्ती**

## पृष्ठभूमी

नेपालको आधिकारिक तथ्याङ्क प्रणालीको केन्द्रीय निकायको रुपमा रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयले विभिन्न गणना,सर्वेक्षण र प्रशासनिक अभिलेखको प्रयोगबाट नियमित रुपमा देशका आर्थिक, सामाजिक वातावरण लगायतका क्षेत्रका विभिन्न किसिमका तथ्याङ्क नियमित रुपमा उत्पादन गर्दै आएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले विक्रम सम्बत् २०५२/५३ देखि नेपाली जनताको जीवनस्तर मापन तथा मौद्रिक गरिबी मापनका लागि विश्व बैंकले विकास गरेको जीवनस्तर मापन अध्ययन (Living Standard Measurement Study) विधिको अनुसरण गर्दै नेपाल जीवनस्तर सर्वेक्षण ( Nepal Living Standard Survey -NLSS) सञ्चालन गर्दै आएको छ।पछिल्लो पटक २०७९/८० मा नेपाल जीवनस्तर सर्वेक्षण चौथो सम्पन्न गरी यसको नतिजा विक्रम सम्बत् २०८०/८१ मा सार्वजनिक गरिसकिएको छ जसअनुसार नेपालीको जीवनस्तरमा उल्लेख्य सुधार भएको देखिन्छ।यस्तै, सर्वेक्षणको प्रतिवेदन अनुसार देशमा २०.२७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी रहेको देखिएको छ।आधारभूत लागत (Cost of Basic Needs- CBN) विधिको प्रयोग गरी नेपालमा मौद्रिक गरिबी मापन गरिँदै आएको छ र यसका लागि गरिबीको रेखा निर्धारणको महत्वपूर्ण भूमिका हुन्छ।पछिल्लो पटक गरिबी मापन गर्दा नेपालको लागि रु.७२,९०८।- को नयाँ गरिबीको रेखा निर्धारण गरिएको छ, जुन २०६६/६७ मा रु.१९,२६१।- थियो।गरिबीको नयाँ रेखा अनुसार प्रतिवर्ष प्रतिव्यक्ति जम्मा खर्च रु.७२,९०८।– भन्दा कम खर्च गर्ने व्यक्तिलाई गरिब अन्तर्गत वर्गिकरण गरिएको छ।यस नयाँ रेखा अनुसार नेपालमा करिब २०.२७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी रहेको देखिएको छ जस अनुसार शहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी रहेको देखिएको छ।प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशमा र सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको छ।

नेपाल जीवनस्तर सर्वेक्षणको प्रतिवेदनबाट देशका १५ ओटा विश्लेषणात्मक क्षेत्र (७ प्रदेशका शहरी र ग्रामीण क्षेत्र र काठमाडौं उपत्यका शहरी क्षेत्र) अनुसारको गरिबी सम्बन्धी तथ्याङ्क सार्वजनिक गरिएको छ जुन तालिका १ मा उल्लेख गरिएको छ।

**तालिका १: क्षेत्र अनुसारको गरिबीको स्थिति**

| क्षेत्र | गरिबीकी दर % | गरिबीको विषमता % | गरिबीको गहनता % | गरिबीको फैलावट % |
|---|---|---|---|---|
| **नेपाल** | **२०.२७** | **४.५२** | **१.४८** | |
| सहरी क्षेत्र | १८.३४ | ४.०३ | १.२९ | ६२.८६ |
| ग्रामीण क्षेत्र | २४.६६ | ५.६४ | १.९१ | ३७.१४ |
| **कोशी प्रदेश** | **१७.१९** | **३.८४** | **१.२५** | **१३.८०** |
| कोशी प्रदेश सहरी क्षेत्र | १५.९ | ३.३९ | १.०३ | ८.३८ |
| कोशी प्रदेश ग्रामीण क्षेत्र | १९.६७ | ४.७२ | १.६६ | ५.४२ |
| **मधेस प्रदेश** | **२२.५३** | **४.६२** | **१.३६** | **२५.०८** |
| मधेस प्रदेश सहरी क्षेत्र | २१.७१ | ४.३ | १.२१ | १८.०२ |
| मधेस प्रदेश ग्रामीण क्षेत्र | २४.९६ | ५.५४ | १.८ | ७.०६ |
| **बागमती प्रदेश** | **१२.५९** | **२.६४** | **०.८९** | **२०.४२** |
| काठमाडौं उपत्यका सहरी क्षेत्र | ७.३८ | १.१७ | ०.३ | ३.९२ |
| बागमती प्रदेश सहरी क्षेत्र | १४.१५ | २.९ | ०.९९ | ४.२६ |
| बागमती प्रदेश ग्रामीण क्षेत्र | २५.६१ | ६.६४ | २.४९ | ४.५२ |
| **गण्डकी प्रदेश** | **११.८८** | **२.३३** | **०.७१** | **८.३४** |
| गण्डकी प्रदेश सहरी क्षेत्र | १२.६३ | २.६१ | ०.८५ | ३.५६ |
| गण्डकी प्रदेश ग्रामीण क्षेत्र | १०.२७ | १.७२ | ०.४१ | १.३४ |
| **लुम्बिनी प्रदेश** | **२४.३५** | **५.८** | **१.९९** | **१८.९६** |
| लुम्बिनी प्रदेश सहरी क्षेत्र | २४.०८ | ६.३१ | २.२७ | १३.३६ |
| लुम्बिनी प्रदेश ग्रामीण क्षेत्र | २४.७३ | ५.०६ | १.५७ | ९.४० |
| **कर्णाली प्रदेश** | **२६.६९** | **६.२५** | **२.१६** | **५.१२** |
| कर्णाली प्रदेश सहरी क्षेत्र | २३.१६ | ४.९९ | १.६५ | ३.१६ |
| कर्णाली प्रदेश ग्रामीण क्षेत्र | ३०.८६ | ७.७३ | २.७६ | ३.५८ |
| **सुदूरपश्चिम प्रदेश** | **३४.१६** | **८.४१** | **२.८७** | **८.३२** |
| सुदूरपश्चिम प्रदेश सहरी क्षेत्र | ३०.८६ | ७.६७ | २.५७ | ८.२० |
| सुदूरपश्चिम प्रदेश ग्रामीण क्षेत्र | ४०.२१ | ९.७७ | ३.४२ | ५.८२ |

स्रोतः Nepal Living Standards Survey IV 2022-23, Summary Report, National Statistics Office, 2024

## गरिबीको लघुक्षेत्र अनुमान

नेपालमा गरिबी निवारण एक प्रमुख सामाजिक मुद्दाको रुपमा रहेको र तीनै तहका सरकारको प्राथमिकतामा रहेको विषय हो।यसको कार्यान्वयनका लागि स्थानीय तह अनुसारको गरिबीको तथ्याङ्कको आवश्यकता छ।यस

आवश्यकतालाई पुरा गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयले अन्तर्राष्ट्रीय स्तरमा प्रचलित लघु क्षेत्र अनुमान (Small Area Estimation- SAE) विधिको प्रयोग गरी ७७ जिल्ला र ७५३ स्थानीय तहको गरिबी तथ्याङ्कको अनुमान गरेको छ।

लघुक्षेत्र अनुमान (Small Area Estimation-SAE) भनेको सर्वेक्षण वा अन्य माध्यमबाट माथिल्लो तह जस्तैः राष्ट्रिय वा प्रादेशिक तहको नतिजा प्रकाशन गर्ने गरी सङ्कलित तथ्याङ्कलाई जनगणना (Population Census), प्रशासनिक अभिलेख (Administrative Data), भौगोलिक तथ्याङ्क (Geospatial Data) लगायत अन्य स्रोतबाट प्राप्त हुने सहयोगी चरहरु (Auxiliary Variables) सँग एकीकृत गरी तल्लो प्रशासनिक एकाइ जस्तैः जिल्ला, स्थानीय तह, आदिको तथ्याङ्क अनुमान गर्ने तथ्याङ्कीय विधि हो।यस विधिबाट विश्वका ६० भन्दा देशले स्थानीयस्तरका गरिबी अनुमान गर्दै आएको देखिन्छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गरेको नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० र राष्ट्रिय जनगणना २०७८ का समान प्रकृतिका गरिबीलाई प्रभाव पार्ने चरहरु एकीकृत गरी लघुक्षेत्र अनुमान विधिबाट प्रादेशिक मोडेल तयार गरी स्थानीय तहको र जिल्ला मोडेल तयार गरी गरिबी तथ्याङ्क अनुमान गरिएको छ।यस प्रतिवेदनले नेपालमा विद्‌यमान गरिबीको विविधताको बारेमा जानकारी दिन्छ।राष्ट्रिय तथ्याङ्क कार्यालय (साविक केन्द्रीय तथ्याङ्क विभाग) ले यसअघि विक्रम सम्वत् २०६३ र २०७० पनि लघुक्षेत्र अनुमान विधिको प्रयोग गरी तल्लो तहको गरिबीको अनुमान सार्वजनिक गरेको थियो।

**नतिजा**

यस Small Area Estimation of Poverty, 2023 प्रतिवेदनमा स्थानीय तह अनुसारको गरिबीको दर (Poverty Headcount Rate), गरिबीको विषमता (Poverty Gap) र गरिबीको गहनता (Poverty Gap Squared), गरिब सङ्ख्या (Number of Poor) को अनुमान गरी प्रस्तुत गरिएको छ।गरिबीको दरले गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको हिस्सा मापन गर्दछ।गरिबीको विषमता सूचकले गरिबीको रेखामुनि रहेको जनसङ्ख्या गरिबीको रेखाभन्दा औसत कति टाढा छन् भन्ने मापन गर्दछ।गरिबीको गहनताले गरिबहरू बिचको असमानता मापन गर्दछ।आज सार्वजनिक गरिएको गरिबीको लघुक्षेत्र अनुमान प्रतिवेदन २०८० अनुसार जिल्ला र स्थानीय तहको गरिबी अनुमानका मुख्य नतिजाहरू यसप्रकार छन् :

- स्थानीय तहको गरिबीको दरको विश्लेषण गर्दा ३०९ ओटा स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसत २०.२७ प्रतिसतभन्दा कम र ४४४ ओटा स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी छ।स्थानीय तहमा गरिबीको दर न्यूनतम १.१८ प्रतिशतदेखि अधिकतम ७७.८९ प्रतिशसम्म रहेको छ।

- स्थानीय तहमा सबैभन्दा बढी गरिबीको दर ७७.८९ प्रतिशत जाजरकोट जिल्लाको **जुनीचाँदे गाउँपालिकामा** रहेको छ भने सबैभन्दा कम अर्थात् १.१८ प्रतिशत गरिबीको दर मुस्ताङको **घरपझोङ गाउँपालिकामा** रहेको छ।
- गरिबीको रेखामुनि रहेको जनसङ्ख्या सबैभन्दा धेरै (५९,२१८) **काठमाडौँ महानगरपालिकामा** रहेको छ।महानगरपालिकामा गरिबीको दर ६.८७ प्रतिशत रहेको छ।
- जिल्ला तहको गरिबी दरको विश्लेषण गर्दा सबैभन्दा धेरै ४९.५८ प्रतिशत सुदूरपश्चिम प्रदेशको **अछाममा** र सबैभन्दा कम ५.६३ प्रतिशत गण्डकी प्रदेशको **कास्कीमा** रहेको छ।
- जिल्लागत गरिबीको दरको विश्लेषण गर्दा ३४ जिल्लाको गरिबीको दर राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम र ४३ जिल्लाको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी रहेको छ।

**तालिका २: सबैभन्दा बढी गरिबीको दर भएका दश स्थानीय तह**

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | जनसङ्ख्या | गरिबीको दर(%) | गरिब सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | कर्णाली | जाजरकोट | जुनीचाँदे गाउँपालिका | २३७७१ | ७७.८९ | 18,515 |
| २ | कर्णाली | मुगु | सोरु गाउँपालिका | १४२७७ | ७२.३६ | 10,330 |
| ३ | सुदूरपश्चिम | अछाम | ढकारी गाउँपालिका | २१९९८ | ७०.५७ | 15,525 |
| ४ | सुदूरपश्चिम | बैतडी | सिगास गाउँपालिका | २१८१४ | ६६.८७ | 14,587 |
| ५ | सुदूरपश्चिम | अछाम | कमलबजार नगरपालिका | २१०३२ | ६६.८ | 14,049 |
| ६ | बागमती | मकवानपुर | राक्सिराङ गाउँपालिका | २५९९६ | ६५.६४ | 17,063 |
| ७ | सुदूरपश्चिम | डोटी | शिखर नगरपालिका | ३०३९९ | ६५.३४ | 19,863 |
| ८ | सुदूरपश्चिम | बाजुरा | त्रिवेणी नगरपालिका | १७७९८ | ६५.१७ | 11,599 |
| ९ | लुम्बिनी | कपिलवस्तु | कृष्णनगर नगरपालिका | ७०१११ | ६४.२३ | 45,031 |
| १० | सुदूरपश्चिम | बैतडी | शिवनाथ गाउँपालिका | १८०६४ | ६४.०७ | 11,573 |

**तालिका ३: सबैभन्दा कम गरिबीको दर भएका दश स्थानीय तह**

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | जनसङ्ख्या | गरिबीको दर (%) | गरिब सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | गण्डकी | मुस्ताङ | घरपझोङ गाउँपालिका | 3,712 | १.१८ | 44 |
| २ | कोशी | मोरङ | केराबारी गाउँपालिका | 34,504 | २.०८ | 716 |
| ३ | गण्डकी | गोरखा | शहीद लखन गाउँपालिका | 23,076 | २.७६ | 638 |
| ४ | कोशी | झापा | बुद्धशान्ति गाउँपालिका | 53,010 | ३.०४ | 1,609 |
| ५ | कोशी | झापा | हल्दीबारी गाउँपालिका | 32,722 | ३.५९ | 1,176 |
| ६ | कोशी | झापा | कमल गाउँपालिका | 53,894 | ३.६२ | 1,952 |
| ७ | लुम्बिनी | रूपन्देही | तिलोत्तमा नगरपालिका | 149,479 | ३.९६ | 5,917 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | गण्डकी | मुस्ताङ | लो घेकर दामोदरकुण्ड गाउँपालिका | 1,292 | ३.९९ | 52 |
| ९ | गण्डकी | मनाङ | नाशो गाउँपालिका | 1,671 | ४.१५ | 69 |
| १० | गण्डकी | तनहुँ | बन्दीपुर गाउँपालिका | 18,532 | ४.१७ | 773 |

### तालिका ४ : सबैभन्दा धेरै गरिबको जनसङ्ख्या भएका दश स्थानीय तह

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | जनसङ्ख्या | गरिबीको दर(%) | गरिब सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | बागमती | काठमाडौँ | काठमाडौँ महानगरपालिका | 862,400 | ६.८७ | 59,218 |
| २ | लुम्बिनी | बाँके | नेपालगञ्ज उपमहानगरपालिका | 164,442 | २९.८५ | 49,087 |
| ३ | लुम्बिनी | दाङ | घोराही उपमहानगरपालिका | 200,527 | २३.८४ | 47,806 |
| ४ | लुम्बिनी | कपिलवस्तु | कृष्णनगर नगरपालिका | 70,111 | ६४.२३ | 45,031 |
| ५ | लुम्बिनी | रुपन्देही | लुम्बिनी साँस्कृतिक नगरपालिका | 87,383 | ५०.२७ | 43,931 |
| ६ | लुम्बिनी | बर्दिया | गुलरिया नगरपालिका | 74,503 | ५७.६३ | 42,936 |
| ७ | बागमती | सिन्धुली | दुधौली नगरपालिका | 70,207 | ६०.३ | 42,332 |
| ८ | लुम्बिनी | कपिलवस्तु | महारजगञ्ज नगरपालिका | 64,645 | ६३.२८ | 40,904 |
| ९ | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका | 84,810 | ४५.५ | 38,587 |
| १० | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | 88,871 | ४१.४४ | 36,824 |

### तालिका ५ :सबैभन्दा बढी गरिबीको दर भएका दश जिल्ला

| क्र.सं. | प्रदेश | जिल्ला | घरपरिवार संख्या | जनसंख्या | गरिबीको दर % | गरिब संख्या |
|---|---|---|---|---|---|---|
| १ | सुदूरपश्चिम | अछाम | 49,565 | 227,719 | 49.58 | 112,902 |
| २ | सुदूरपश्चिम | बैतडी | 49,405 | 241,423 | 48.65 | 117,463 |
| ३ | सुदूरपश्चिम | बाजुरा | 28,041 | 137,732 | 47.81 | 65,847 |
| ४ | कर्णाली | मुगु | 12,430 | 63,858 | 44.64 | 28,507 |
| ५ | सुदूरपश्चिम | डोटी | 45,140 | 201,778 | 42.81 | 86,376 |
| ६ | कर्णाली | कालिकोट | 26,770 | 144,828 | 41.54 | 60,158 |
| ७ | लुम्बिनी | बर्दिया | 106,284 | 457,610 | 39.97 | 182,893 |
| ८ | लुम्बिनी | कपिलवस्तु | 121,860 | 678,682 | 39.24 | 266,343 |
| ९ | सुदूरपश्चिम | बझाङ | 38,024 | 188,725 | 38.83 | 73,289 |
| १० | लुम्बिनी | रोल्पा | 52,204 | 233,332 | 38.09 | 88,886 |

## महत्व र उपयोग

देश सङ्घीयतामा गएपछी सङ्घ, प्रदेश र स्थानीय तहको नीति योजना तथा कार्यक्रम निर्माणमा तल्लो प्रशासनिक तहको विभिन्न क्षेत्रको खण्डीकृत तथ्याङ्कको माग बढेको छ।नेपालमा गरिबी निवारण एक प्रमुख सामाजिक मुद्दाको रुपमा रहेको र तीनै तहका सरकारको प्राथमिकतामा रहेको विषय हो।यसका लागि स्थानीय तह अनुसारको गरिबीको तथ्याङ्कको आवश्यकता छ।गरिबी निवारणका लागि अँगाल्ने नीति, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि यो तथ्याङ्क निकै उपयोगी हुनेछ।गरिबी लक्षित कार्यक्रम सञ्चालनका लागि, गरिबीको वास्तविक अवस्था पत्ता लगाउन, लक्षित क्षेत्र तथा वर्गको प्राथमिकिकरण गर्न, स्रोतसाधनको वितरणमा, वित्तीय हस्तान्तरणलाई थप वस्तुपरक बनाउन, आदिमा यो तथ्याङ्क उपयोग हुनेछ।

लघुक्षेत्र अनुमान विधिबाट प्राप्त गरिबीको तथ्याङ्कको प्रयोग गर्दा गरिबीको दर मात्र हेरेर निष्कर्ष निकाल्नु हुँदैन।गरिबीको दरको साथसाथै गरिबीको गहनता, गरिबीको विषमता र जिल्ला वा स्थानीय तहको जनसङ्ख्यासमेत हेर्नुपर्दछ।जनसङ्ख्या धैरै भएको ठाउँमा गरिबीको दर कम हुँदा पनि धैरै जनसङ्ख्या गरिबीको रेखामुनि रहेको हुन्छ भने अर्कोतर्फ कम जनसङ्ख्या भएको ठाउँमा गरिबीको दर बढी हुँदा पनि कम जनसङ्ख्या मात्र गरिबीको रेखामुनि रहेको हुन्छ।

**<u>सम्पर्कः</u>**

श्री ढुण्डीराज लामिछाने
उपप्रमुख तथ्याङ्क अधिकारी/ प्रवक्ता
मोबाइलः ९८४१४१४३१२

**<u>थप जानकारीको लागिः</u>**

निर्देशक श्री मनोहर घिमिरे (मोवाइलः ९८५१२२६५५९), निर्देशक श्री शिव श्रेष्ठ (मोवाइलः९८५५०३०७४४)

- **Small Area Estimation of Poverty, 2023 प्रतिवेदन https://nsonepal.gov.np/category/1045/ मा उपलव्ध छ।**

- नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० का प्रतिवेदन तलको लिङ्कमा उपलव्ध छन्
  https://nsonepal.gov.np/content/9707/9707-summary-results-of-nepal-livin/
  https://nsonepal.gov.np/content/12061/12061-nepal-living-standards-survey/

**अनुसूची १ : जिल्ला अनुसारको गरिबीको स्थिति**

| क्र.सं. | प्रदेश | जिल्ला | घरपरिवार सङ्ख्या | जनसङ्ख्या | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता | गरिब सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | कोशी | ताप्लेजुङ | २७,७७६ | ११९,४५० | २१.१८% | ३.८५% | १.०४% | २५,२९७ |
| २ | कोशी | संखुवासभा | ३९,११७ | १५४,७४२ | २७.५०% | ५.५२% | १.६१% | ४२,५५४ |
| ३ | कोशी | सोलुखुम्बु | २६,२३९ | १०२,९८७ | १४.६३% | २.४६% | ०.६३% | १५,०७० |
| ४ | कोशी | ओखलढुङ्गा | ३४,२८६ | १३८,९८९ | २६.६३% | ५.१३% | १.४५% | ३७,००७ |
| ५ | कोशी | खोटाङ | ४१,७२० | १७३,९२० | २४.७५% | ४.७१% | १.३२% | ४३,०३७ |
| ६ | कोशी | भोजपुर | ३८,५८० | १५६,६११ | २२.१९% | ४.११% | १.१३% | ३४,७५२ |
| ७ | कोशी | धनकुटा | ३७,६१६ | १४८,७३० | १८.४३% | ३.४५% | ०.९६% | २७,४०७ |
| ८ | कोशी | तेह्रथुम | २१,८४५ | ८८,२७९ | १५.८५% | २.७४% | ०.७२% | १३,९९६ |
| ९ | कोशी | पाँचथर | ४२,४३७ | १७१,०४७ | १५.९१% | २.७७% | ०.७३% | २७,२०६ |
| १० | कोशी | इलाम | ७०,५०१ | २७८,१२८ | १५.६८% | २.८०% | ०.७५% | ४३,६१५ |
| ११ | कोशी | झापा | २४५,०१९ | ९९२,७९६ | १०.८९% | १.९५% | ०.५३% | १०८,०७८ |
| १२ | कोशी | मोरङ | २७२,१६० | १,१४१,९७१ | १७.११% | ३.३५% | ०.९६% | १९५,३५२ |
| १३ | कोशी | सुनसरी | २१२,४०७ | ९२१,२४६ | १७.५४% | ३.४६% | १.००% | १६१,६०० |
| १४ | कोशी | उदयपुर | ८१,०५१ | ३३९,१८९ | २६.२२% | ५.३४% | १.५८% | ८८,९४१ |
| १५ | मधेस | सप्तरी | १४६,८१५ | ७०४,३५५ | २५.३७% | ५.०५% | १.४६% | १७८,६९७ |
| १६ | मधेस | सिराहा | १४८,५४७ | ७३९,३२३ | २२.७४% | ४.४९% | १.२९% | १६८,१३० |
| १७ | मधेस | धनुषा | १७७,०९१ | ८६५,०३२ | २०.१०% | ३.९४% | १.१३% | १७३,८६३ |
| १८ | मधेस | महोत्तरी | १३७,८८५ | ७०५,९०९ | २४.०१% | ४.७८% | १.३८% | १६९,४९१ |
| १९ | मधेस | सर्लाही | १६४,८२३ | ८६०,२४७ | २६.७०% | ५.४५% | १.६०% | २२९,६९४ |
| २० | मधेस | रौतहट | १३७,०२५ | ८१३,२६९ | ३२.३३% | ६.९३% | २.११% | २६२,९०५ |
| २१ | मधेस | बारा | १३१,१७७ | ७६१,२५० | २५.८२% | ५.३३% | १.५९% | १९६,५३६ |
| २२ | मधेस | पर्सा | ११३,०१२ | ६५१,२८७ | २०.६१% | ४.१०% | १.१९% | १३४,२३६ |
| २३ | बागमती | दोलखा | ४९,४९३ | १७१,२७८ | १५.५३% | २.८०% | ०.७६% | २६,५९१ |
| २४ | बागमती | सिन्धुपाल्चोक | ७१,६९६ | २६०,३४४ | २१.७५% | ४.२९% | १.२४% | ५६,६२९ |
| २५ | बागमती | रसुवा | ११,१३१ | ४५,४७५ | १७.३०% | ३.२९% | ०.९३% | ७,८६७ |
| २६ | बागमती | धादिङ | ८३,६२१ | ३२३,६९९ | १६.६५% | ३.१६% | ०.८९% | ५३,९१० |
| २७ | बागमती | नुवाकोट | ६८,६४६ | २६०,६४८ | १६.०१% | ३.०१% | ०.८४% | ४१,७२९ |
| २८ | बागमती | काठमाडौँ | ५४२,८९२ | १,९९४,५५५ | ८.३३% | १.५१% | ०.४२% | १६६,२०१ |
| २९ | बागमती | भक्तपुर | १०८,४०६ | ४२७,०६० | ९.३३% | १.७०% | ०.४८% | ३९,८३९ |
| ३० | बागमती | ललितपुर | १४०,१२९ | ५४३,३०७ | ११.७२% | २.३९% | ०.७३% | ६३,६९६ |
| ३१ | बागमती | काभ्रेपलान्चोक | ९१,३३० | ३५८,७२२ | १६.४२% | ३.१८% | ०.९१% | ५८,८९० |
| ३२ | बागमती | रामेछाप | ४६,४६५ | १६९,०३४ | २५.०७% | ४.९९% | १.४६% | ४२,३७७ |
| ३३ | बागमती | सिन्धुली | ६९,३१७ | २९७,०९९ | ३४.०२% | ७.७१% | २.४६% | १०१,०६८ |
| ३४ | बागमती | मकवानपुर | १०५,६१९ | ४५८,४९३ | २३.४६% | ५.०७% | १.५७% | १०७,५७१ |
| ३५ | बागमती | चितवन | १७९,१६५ | ७११,२७५ | १२.८८% | २.६६% | ०.८१% | ९१,६०५ |
| ३६ | गण्डकी | गोरखा | ७१,७१२ | २४८,२४६ | १३.२३% | २.२७% | ०.५९% | ३२,८४९ |
| ३७ | गण्डकी | मनाङ | १,५४६ | ४,९३७ | १२.१२% | २.०५% | ०.५३% | ५९८ |
| ३८ | गण्डकी | मुस्ताङ | ३,६०५ | ११,३२३ | ९.५०% | १.५७% | ०.४०% | १,०७६ |
| ३९ | गण्डकी | म्याग्दी | २८,७५६ | १०४,७४३ | १६.३५% | २.९३% | ०.७९% | १७,१२५ |
| ४० | गण्डकी | कास्की | १६०,३०९ | ५८९,२५१ | ५.६३% | ०.९३% | ०.२४% | ३३,१९५ |
| ४१ | गण्डकी | लमजुङ | ४४,०६२ | १५४,३०१ | १४.९५% | २.७४% | ०.७५% | २३,०६७ |

| क्र.सं. | प्रदेश | जिल्ला | घरपरिवार सङ्ख्या | जनसङ्ख्या | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता | गरिब सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| ४२ | गण्डकी | तनहुँ | ८८,४७३ | ३१७,६९९ | १२.६२% | २.३१% | ०.६३% | ४०,०९५ |
| ४३ | गण्डकी | नवलपरासी पूर्व | ९३,८०५ | ३७६,०९६ | १५.७१% | ३.१०% | ०.९०% | ५९,०७३ |
| ४४ | गण्डकी | स्याङ्जा | ६८,९१३ | २५२,०३८ | १४.९६% | २.७२% | ०.७४% | ३७,७१४ |
| ४५ | गण्डकी | पर्वत | ३६,१०१ | १३०,१३३ | १३.१८% | २.२९% | ०.६०% | १७,१५१ |
| ४६ | गण्डकी | बाग्लुङ | ६४,०८७ | २४७,१०७ | १८.८८% | ३.४७% | ०.९५% | ४६,६५८ |
| ४७ | लुम्बिनी | रुकुम पूर्व | १२,८७८ | ५६,६७१ | ३१.९९% | ६.३८% | १.८४% | १८,१२९ |
| ४८ | लुम्बिनी | रोल्पा | ५२,२०४ | २३३,३३२ | ३८.०९% | ८.१०% | २.४५% | ८८,८८६ |
| ४९ | लुम्बिनी | प्यूठान | ५६,१९० | २३०,६६३ | ३५.२४% | ७.५५% | २.३०% | ८१,२९६ |
| ५० | लुम्बिनी | गुल्मी | ६६,०९३ | २४५,८६० | १७.१३% | ३.०९% | ०.८४% | ४२,१०९ |
| ५१ | लुम्बिनी | अर्घाखाँची | ४८,४४८ | १७६,४२६ | २०.३७% | ३.९२% | १.११% | ३५,९३४ |
| ५२ | लुम्बिनी | पाल्पा | ६४,९८५ | २४१,९४४ | १६.७६% | ३.११% | ०.८६% | ४०,५३८ |
| ५३ | लुम्बिनी | नवलपरासी पश्चिम | ८२,७०८ | ३८३,७४६ | १८.६८% | ३.६८% | १.०६% | ७१,६६५ |
| ५४ | लुम्बिनी | रूपन्देही | २३८,१६६ | १,११२,५७५ | १५.१५% | २.९४% | ०.८४% | १६८,५७९ |
| ५५ | लुम्बिनी | कपिलवस्तु | १२१,८६० | ६७८,६८२ | ३९.२४% | ९.३४% | ३.०८% | २६६,३४३ |
| ५६ | लुम्बिनी | दाङ | १६२,२५६ | ६७०,३१४ | २२.३७% | ४.४९% | १.३१% | १४९,९२३ |
| ५७ | लुम्बिनी | बाँके | १२९,२२९ | ५९७,२८३ | २६.९२% | ५.८९% | १.८४% | १६०,८१७ |
| ५८ | लुम्बिनी | बर्दिया | १०६,२८४ | ४५७,६१० | ३९.९७% | ९.३१% | ३.०१% | १८२,८९३ |
| ५९ | कर्णाली | डोल्पा | ९,३८० | ४२,१६४ | ३२.२८% | ६.५०% | १.८९% | १३,६१२ |
| ६० | कर्णाली | मुगु | १२,४३० | ६३,८५८ | ४४.६४% | ९.९३% | ३.०९% | २८,५०७ |
| ६१ | कर्णाली | हुम्ला | ११,२०२ | ५३,८७९ | ३४.११% | ६.८४% | १.९८% | १८,३७७ |
| ६२ | कर्णाली | जुम्ला | २४,३९५ | ११७,१३२ | २४.५४% | ४.४९% | १.२२% | २८,७४६ |
| ६३ | कर्णाली | कालिकोट | २६,७७० | १४४,८२८ | ४१.५४% | ९.१०% | २.८१% | ६०,१५८ |
| ६४ | कर्णाली | दैलेख | ५४,५८९ | २५१,६२४ | ३४.४१% | ७.१४% | २.१२% | ८६,५८९ |
| ६५ | कर्णाली | जाजरकोट | ३७,४५० | १८८,२९५ | ३३.७१% | ६.७९% | १.९७% | ६३,४६७ |
| ६६ | कर्णाली | रुकुम पश्चिम | ३७,२८६ | १६५,४४९ | २३.८८% | ४.४७% | १.२४% | ३९,५०७ |
| ६७ | कर्णाली | सल्यान | ५४,६६८ | २३७,३८० | २३.१९% | ४.३१% | १.१९% | ५५,०५८ |
| ६८ | कर्णाली | सुर्खेत | ९७,८०४ | ४१०,३५७ | १६.९८% | ३.१२% | ०.८६% | ६९,६९५ |
| ६९ | सुदूरपश्चिम | बाजुरा | २८,०४१ | १३७,७३२ | ४७.८१% | ११.०६% | ३.५४% | ६५,८४७ |
| ७० | सुदूरपश्चिम | बझाङ | ३८,०२४ | १८८,७२५ | ३८.८३% | ८.३८% | २.५६% | ७३,२८९ |
| ७१ | सुदूरपश्चिम | दार्चुला | २८,३७९ | १३२,२२३ | ३०.३४% | ६.१५% | १.८०% | ४०,१११ |
| ७२ | सुदूरपश्चिम | बैतडी | ४९,४०५ | २४१,४२३ | ४८.६५% | ११.६१% | ३.८१% | ११७,४६३ |
| ७३ | सुदूरपश्चिम | डडेलधुरा | ३१,१७२ | १३८,५३८ | ३३.२६% | ७.०७% | २.१४% | ४६,०८३ |
| ७४ | सुदूरपश्चिम | डोटी | ४५,१४० | २०१,७७८ | ४२.८१% | ९.६०% | ३.०१% | ८६,३७६ |
| ७५ | सुदूरपश्चिम | अछाम | ४९,५६५ | २२७,७१९ | ४९.५८% | ११.८३% | ३.८८% | ११२,९०२ |
| ७६ | सुदूरपश्चिम | कैलाली | १९५,८६९ | ८९९,५५१ | २८.२३% | ५.९८% | १.८१% | २५३,९२८ |
| ७७ | सुदूरपश्चिम | कञ्चनपुर | १११,१६६ | ५११,०२१ | २४.५२% | ५.०८% | १.५२% | १२५,२८० |